प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## डिप्लोमा/ प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा बैकल्पिक उम्मेदवारको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/११

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०३/१५ गते प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत निशुल्क छात्रवृति छनोटको लागि तोकिएको मिती र समय भित्र आनलाईन फारम भरि मिती २०८१/०४/१२ गतेको प्रवेश परिक्षामा सम्मिलित भई योग्य आवेदकहरु मध्येबाट परीक्षा नियनत्रण कार्यालयको **२०८१/०८/२१** गते प्रकाशित सूचना बमोजिम यस प्रदेश अन्तर्गत थप भएका शिक्षण संस्थाका विभिन्न कार्यक्रममा उम्मेदवारहरुको प्राप्त निवेदनको योग्यतक्रमका आधारमा रिक्त कोटाहरुमा तपशिल बमोजिमका योग्यताक्रम अनुसारका प्रशिक्षार्थीहरुलाई सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ | वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा मिति २०८१/०९/१६ गते कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, प्रवेश पत्रको प्रतिलिपि, वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनोट भएको त्यसको सकल प्रमाणपत्र सहित भर्ना हुन जानको लागि सुचित गरिन्छ | सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी प्रशिक्षार्थीहरु भर्ना गर्न गराउन अनुरोध छ | तोकिएको मिती र समय भित्र भर्ना नभई रिक्त रहेको कोटा र भर्ना हुन नआएका प्रशिक्षार्थीहरुको नाम, सिम्बोल नम्बर र वर्गीकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरि मिती **२०८१/०९/१७** गते साँझ ४:०० बजे भित्र यस परिषद् मधेश प्रदेश कार्यालयको इमेल ठेगाना ctevtmadhshexam@gmail.com मा र सो को बोधार्थ परिषद् परीक्षा नियन्त्रण कार्यालय oce.ctevt@gmail.com मा समेत पठाउनु हुन अनुरोध छ |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालय जनकपुरधाम, धनुषा २०७५

का.मु. निर्देशक